# अत्यन्तै अप्ठ्यारो र कठिन सुरुवात



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान ५:१-२३; प्रकाश ११:८; प्रस्थान ६:१-१३; भजनसंग्रह ७३:२३-२६; २ कोरन्थी ६:१६; प्रस्थान ६:२८-७:७।*

**याद गर्नुपर्ने पद:** **"त्यसपछि मोशा र हारून फारोकहाँ गएर भने, 'परमप्रभु इस्राएलीहरूका परमेश्वर यसो भन्नुहुन्छ, "उजाड़-स्थानमा मेरो निम्ति चाड़ मनाउनलाई मेरो प्रजालाई जान देऊ।"' फारोले भने, 'परमप्रभु को हो, र म तिनको कुरा मानेर इस्राएलीहरूलाई जान दिऊँ? परमप्रभुलाई म चिन्दिनँ, र इस्राएलीहरूलाई म जान पनि दिन्नँ'"** *(प्रस्थान ५:१-२)*।

विभिन्न धर्म, संस्कार, समाज, वर्ग, जात जाति, विपन्न वा सम्पन्न मानिसहरूले परमेश्वरलाई विश्वास गरेर चल्यो भनेर निर्णय गर्दा सबै कुरा ठिक-ठिक हुन्छ, उन्नती हुन्छ, फलिफाप हुन्छ, खुशी हुन्छ र सफल हुन्छ भनेर सोच्दछन्। तर बाइबलीय शिक्षामा त्यो देखिँदैनन्। अझ परमेश्वरको पछि लाग्दा कतिपय बाधाहरू उत्पन्न हुन सक्छन्, र नयाँ-नयाँ कठिन परिस्थितिहरूको पनि सामना गर्नुपर्ने हुन्छ। यी परिस्थितिहरूले हामीलाई हताश र दिक्क लाग्न सक्छ। यसले धेरै कठिन प्रश्नहरू हाम्रो दिमागमा खेलाउन सक्छ। तिनीहरूका जवाफहरू सजिलो

पनि नहुन सक्छ। जसले परमेश्वरमाथि भरोसा राख्छ तिनीहरूले धेरै दुःख, कष्ट र परीक्षाहरू भोग्नुपर्नेछ। तर हामी लगनशील भएर दृढतापूर्वक आफ्नो लक्ष्यमा लागि नै रहनुपर्छ। परमेश्वरले उहाँको समयमा आफ्नै तरिकाले जवाफ दिनुहुनेछ। हामीले चाहेको अनुसार छिटो र तुरुन्तै समाधान नहुँदा उहाँको मार्गमा हामी बाझिन सक्छौं। तर जे भए तापनि उहाँमाथि भरोसा राख्न सिक्नैपर्छ।

परमेश्वरले उहाँका जनहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनू भनेर मोशालाई अह्राउनुभएको यस अध्यायको मुख्य विषयवस्तु हो। उहाँले गर्नुभएको आह्वान स्पष्ट थियो। यसमा आश्चर्य कामहरू समावेश भएका छन्, र परमेश्वर आफै मोशासँग सिधै बोल्नुभएको थियो। मोशाले ठ्याक्कै के गर्नुपर्ने हो सो उनलाई बताइएको थियो।

परमेश्वरले मोशालाई सिधै बोलाएर विशेष काम गर्न खटाउनुभएर कस्तो सजिलो हुनुपर्थ्यो होला, होइन र?

ल, अगाडि बढौं।

# प्रभु को हो र?

परमेश्वरको आदेशअनुसार इस्राएलीहरूलाई मिश्रदेशबाट बाहिर ल्याउने प्रक्रियामा मोशा फारोकहाँ जान्छन् *(प्रस्थान ३:१०)*।

जवाफ के थियो: **"मेरा मानिसहरूलाई जान देऊ"** *(प्रस्थान ५:१, २)* **भन्ने परमेश्वरको मागलाई फारोले के जवाफ दिए र उनको जवाफमा के महत्त्वपूर्ण र समसायीक प्रश्न छ?**

__________________________________________________

__________________________________________________

"प्रभु को हो र मैले उहाँका कुरा सुन्ने?" फारोको जवाफ थियो। उहाँलाई चिन्न चासो मात्र देखाएनन्, उहाँलाई चुनौती पनि दिएका थिए। "उहाँलाई मैले चिनेको पनि छैन," उहाँको अस्तित्वप्रति अस्वीकार गर्दै आफूले नचिनेको भनेर अभिमान वा घमण्ड तिनले गर्दछन्।

युगौँ-युगदेखि मानव इतिहासमा त्यही प्रश्न कतिपय आफू कोही न कोही हुँ भनेर अभिमान गर्ने राजा, नेता, विद्वान् तथा बुद्धिजीवि भनाउँदाहरूले गरिरहेका छन्? यो कहालीलाग्दो छ कि कतिपय तिनीहरूले परमेश्वरको बारेमा न जान्न चाहन्छन् न त उहाँलाई विश्वासै गर्न चाहन्छन्। येशू आफैले यो बताउनुभएको थियो, "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्" *(यूहन्ना १७:३)*। दुर्भाग्यवस कतिपय मानिसहरू अनन्त जीवन मात्र होइन, वर्तमान जीवन पनि येशूविना बिताएर निरर्थक भइरहेका छन्।

फारो राजा भएको मिश्रदेश त्यो शक्तिको प्रतीक हो जसले परमेश्वरको अस्तित्व, शक्ति वा अधिकारलाई ठाडै अस्वीकार गर्छ। परमेश्वरको विरोधमा लाग्ने यो संयन्त्र वा निकाय हो। त्यो मानव शक्ति उहाँको विरोधमा

मात्र होइन, उहाँका वचन बाइबल र उहाँका जनहरूको खिलाफमा उभेका थिए र उभीरहेको छ।

"म इस्राएलीहरूलाई जान दिन्नँ," भन्ने फारोको हुँकारले जीवित परमेश्‍वरको विद्रोह गरेको भन्ने कुरा प्रकट गरेको थियो। यसले मिश्रदेशबाट अर्को चिन्हलाई प्रकट गर्छ जुन परमेश्‍वरको विरुद्धमा मात्र होइन उहाँसँग युद्ध गर्ने प्रणाली वा निकाय भएको देखाउँछ।

यही पद्धति शताब्दीयौँ पछि फ्रान्सको जनक्रान्तीले देखाएकोमा कोही छक्क पर्नुपर्दैन *(यशैया ३०:१-३ र प्रकाश ११:८ पनि हेर्नुहोस्)*। आफू भगवान वा भगवानको छोरो हुँ भनेर फारोले सोचेका थिए। तिनी सर्वशक्तिमान्, सर्वज्ञानी हुन् भनेर त्यस भगवानको संज्ञाले देखाउँछ।

"जीवित परमेश्‍वरको अस्तित्वलाई अस्वीकार गर्ने र उहाँका आज्ञाहरूको प्रतिरोध गर्ने त्यस समयका सबै राष्ट्रहरूमा मिश्रदेश नै सुरो भएको र प्रतिरोध गरेको बाइबलको इतिहासले बताउँछ। मिश्रदेशका फारोले जस्तो कुनै पनि राजा र शासकले खुला रूपमा मनपरी तानाशाही तरिकाले परमेश्‍वरको अधिकारलाई चुनौती कहिले पनि दिएका थिएनन्। जब मोशाबाट प्रभुको नाउँमा खबर ल्याइयो तब फारोले अभिमान गरेर जवाफ दिए, 'यहोवा को हो र मैले उनको आवाजलाई सुनेर इस्राएलीहरूलाई जान दिने? मैले यहोवालाई चिनेको छैन। म इस्राएलीहरूलाई जानै दिन्न' (प्रस्थान ५:२ रूपान्तरित)। यो नास्तिकवाद हो। जीवित परमेश्‍वरका दाबीहरूलाई ठाडै अस्वीकार गर्ने, उहाँलाई विश्‍वास नगर्ने र अवज्ञा गर्ने अटेरी प्रवृत्तिहरू भएका राष्ट्रहरूले मिश्रदेशको नास्तिकवादलाई हिजो प्रतिनिधित्व गरेका थिए र (आज पनि छन्)।"—एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. २६९।

**यदि तपाईंलाई कसैले, तपाईंले प्रभुलाई चिन्नुभएको छ कि? भनेर सोध्यो भने त्यसको प्रत्युत्तर कसरी दिनुहुन्छ? यदि तपाईंले चिनेको छ भनेर जवाफ दिनुभयो भने उहाँ कस्तो हुनुहुन्छ भनेर बुझाउनुहुन्छ र किन?**

# कठिन र अप्ठ्यारो सुरुवात

निश्चय नै मोशालाई थाहा थियो कि जुन काम परमेश्वरले उनलाई सुम्पनुभयो, त्यो काम सुरुदेखि नै सजिलो छैन (त्यसैकारण, त्यसबाट पन्छिन प्रयास गरेका थिए)। तैपनि के हुनेछ भन्ने उनलाई थाहा नहुन सक्छ।

पढ्नुहोस्: **प्रस्थान ५:३-२३ पढ्नुहोस्। मोशा र हारूनको फारोसँगको सामनाको नतिजा के थियो?**

__________________________________________________

__________________________________________________

फारोकहाँ जानु अघि मोशा र हारून इस्राएलका अगुवा र जनताहरूलाई जम्मा गरेर परमेश्वरका वचनहरू बताएका थिए। तिनीहरूलाई आश्चर्य चिन्हहरू पनि देखाएका थिए। त्यसले गर्दा तिनीहरूलाई प्रभुले दासत्वबाट छुटकारा दिनुहुनेछ भनेर विश्वास गर्न पुगेका थिए। अनि तिनीहरूले प्रभुको आराधना गरे *(प्रस्थान ४:२९-३१)*। तिनीहरूले गरेका अपेक्षाहरू ठूलै थिए: आखिरमा बन्धनमा रहेका यहूदीहरूलाई प्रभुले छुटकारा दिनुहुनेछ!

परमेश्वरको माग लिएर मोशा मिश्रदेशका राजाकहाँ गए। तर त्यसको परिणामले इस्राएलीहरू झन् खराब स्थितिमा पर्न पुगेका थिए। तिनीहरूका दुःख-कष्ट बढ्यो। तिनीहरूका दैनिक कामहरू अझ धेरै भारी हुन गए र अझ थपिए। तिनीहरूले अल्छी भएको आरोप खप्नुपर्‍यो। तिनीहरूप्रति अझ कठोर व्यवहार गरियो। तिनीहरूले गर्ने काम पहिलेको भन्दा झन् गाह्रो भएको थियो।

तिनीहरूका अगुवाहरू मोशासँग खुशी थिएनन्। तिनीहरूसँग मोशा र हारूनको सामना नराम्रो थियो। आउने वर्षहरूमा आफ्ना जनहरूसँग भइरहने उनीहरूको द्वन्द्वको सुरु नै भएको यसले देखाउँछ।

**पढ्नुहोस्:** **प्रस्थान ५:२१ पढ्नुहोस्। मोशा र हारूनसँग सामना गरेका यी मानिसहरूको ठाउँमा तपाईं आफैलाई राख्नुहोस्। तिनीहरूले जे गरे त्यसको बारेमा तपाईं के भन्नुहुन्छ र तिनीहरूले जे गुनासो गरे सो किन गरेका थिए?**

________________________________________

________________________________________

मोशासँग तिनीहरू किन रिसाए, त्यो बुझ्न गाह्रो छैन (तिनीहरूले भने, "प्रभुले तपाईंलाई हेरून् र न्याय गरून्")। मोशाले तिनीहरूलाई मिश्रीहरूबाट स्वतन्त्र गर्न आएका भनेर तिनीहरूले सोचेका थिए तर त्यसको विपरित तिनीहरूका जीवन झन् गाह्रो पो हुन पुग्यो।

यसरी मोशाले मिश्रीहरूसँग मात्र होइन आफ्नै मानिसहरूसँग पनि कठिन कारोबार गर्नुपरेको थियो।

**जब चर्चका स्थानीय अगुवाहरूसँग मतभेदहरू हुन्छन्, तब त्यसलाई उत्तम तरिकाले समाधान गर्ने केही उपायहरू छन् कि? चर्चमा मतभेद नहुने भन्ने छैन।**

________________________________________

# परमेश्वर "म वा स्वयम्"

बिचरा मोशा! पहिले उनले फारोको हप्की खानुपऱ्यो अब आफ्नै मानिसहरूबाट श्राप खानुपऱ्यो।

त्यसकारण, मोशाले आफ्नो गुनासो परमेश्वरकहाँ ल्याउँछन्। इस्राएलीहरूको अवस्था झन् नाजुक भएको देखेर उनी वाक्का भएर उनको तितो अनुभव र निराश परमेश्वरलाई पोखाउँछन्। उनले गुनासो गर्छन्: "हे प्रभु, तपाईंले यी मानिसहरूमा किन सङ्कष्ट ल्याउनुभएको छ? यसैको लागि मलाई पठाउनुभएको हो? म तपाईंको नाउँमा बोल्नलाई फारोकहाँ गएदेखि यता उनले यी मानिसहरूको खराबी गर्न लागेका छन्। तर तपाईंले आफ्ना मानिसहरूलाई छुटकारा पनि दिनुभएको छैन" *(प्रस्थान ५:२२-२३)*। मोशा परमेश्वरसँग नाराज भएको स्पष्ट थियो। जुन परिस्थिति इस्राएलीहरूले भोग्न बाध्यता भयो, त्यसले गर्दा मोशालाई दुःख लाग्नु स्वभाविकै थियो।

परमेश्वरको जवाफ शक्तिशाली थियो। उहाँले निर्णयात्मक तरिकाले आफ्नो कदम चाल्नुहुनेछ, "तब परमप्रभुले मोशालाई भन्नुभयो, 'म फारोलाई के गर्नेछु, अब तिमीले देख्नेछौ। त्यसले मेरो शक्तिशाली हातको कारणले तिनीहरूलाई जान दिनेछ। मेरो बलियो हातको कारणले तिनीहरूलाई आफ्नो देशबाट त्यसले धपाउनेछ'" *(प्रस्थान ६:१)*।

पढ्नुहोस्: **प्रस्थान ५:२२-६:८ पढ्नुहोस्। मोशाको गुनासोलाई परमेश्वरले कसरी जवाफ दिनुभयो? त्यसमा धर्मविज्ञान वा थियलोजिकल सत्य के प्रकट गरिएको छ?**

________________________________________________

________________________________________________

परमेश्वरले अब बोल्नुहुने मात्र होइन, आफ्ना जनहरूको पक्षमा उहाँले शक्तिशाली तरिकाले हस्तक्षेप गर्नुहुनेछ। केही मत्त्वपूर्ण तथ्यहरू उहाँले

मोशालाई याद दिलाउनुहुन्छ: (१) म परमप्रभु हुँ; (२) म पुर्खाहरूका सामु देखा परें; (३) तिनीहरूसँग मैले मेरो करारलाई स्थापना गरें; (४) कनान देश तिनीहरूलाई दिने वचन मैले दिएको थिएँ; (५) इस्राएलीहरूका सुस्केर र पीडा मैले सुनेको छु; (६) तिमीलाई प्रतिज्ञा गरिएको भूमि दिन्छु भनेर गरेको कबुल मैले याद गरेको छु।

यहाँ परमेश्वरको "म" भन्ने शब्दलाई बारम्बार दोहोर्‍याइएको हेर्नुहोस्। म *प्रभु तिम्रो परमेश्वर* हुँ, मैले *यी यी कामहरू गरें,* र *तिमीले* ममाथि *भरोसा राख्न सक्छौ कि तिम्रो निम्ति के गर्नेछु भनेर प्रतिज्ञा गरेको थिएँ सो गर्नेछु*।

प्रभुले अब गम्भीर भएर चार महान् कामहरू इस्राएलीहरूको निम्ति गर्नेछु भनेर घोषणा गर्नुहुन्छ, किनकि उहाँ तिनीहरूका जीवित प्रभु हुनुहुन्छ: (१) तिमीहरूलाई मिश्रको जुवाबाट फुकालेर ल्याउनेछु; (२) तिमीहरूका दासत्वबाट म तिमीहरूलाई स्वतन्त्र पार्नेछु; (३) मैले हात फैलाएर तिमीहरूलाई उद्धार गर्नेछु। मैले न्यायको शक्तिशाली काम गरेर देखाउनेछु; र (४) तिमीहरूलाई मैले आफ्नै जनहरू भनेर ग्रहण गर्नेछु र म तिमीहरूको परमेश्वर हुनेछु" *(प्रस्थान ६:६, ७)*।

परमेश्वरका ती चार क्रियाकलापहरूले उहाँका जनहरूसँग सम्बन्ध पुन स्थापना गर्नुभएको सुरक्षित भएको थियो। ती सकै क्रियाकलापहरूको प्रभु परमेश्वर हुनुहुन्छ। इस्राएलीहरू ती सबै अनुग्रह र लाभहरू पाउनेथिए। ती सबै उपहारहरू परमेश्वरले प्रेमबाट अभिप्रेरित भएर दिन चाहनुभएको थियो। तिनीहरूका निम्ति मात्र होइन, उहाँले हाम्रा निम्ति पनि त्यही गर्नुहुनेछ।

**बाइबलका कतिपय पात्रहरू छन् जसले परमेश्वरका सामु जायज गुनासोहरू पोखाएका थिए। तिनीहरू को थिए? कहिलेकाहीँ तपाईंको परिस्थितिलाई मध्यनजरमा राखेर परमेश्वरसँग दुःख वा गुनासोहरू पोखाउनु किन जायज छ? तर ती जहिले पनि उहाँमाथि विश्वास र भरोसा राखेर किन गर्नुपर्छ?**

---

# खतना नगरिएका ओठहरू

परमेश्वरले के गर्नुहुनेथियो भनेर मोशालाई केही शक्तिशाली र प्रभावकारी प्रतिज्ञाहरू सुनाउनुभएको थियो। त्यो सुनेर उनी उत्साहित त भएका थिए, तर त्यो उत्साह छिटै मत्थर भएको थियो जब उनले आफ्ना जनहरूका प्रतिक्रिया सुने।

पढ्नुहोस्: **प्रस्थान ६:९-१३ पढ्नुहोस्। के भयो, हाम्रै जीवनका नैराश्य र सङ्घर्षका समयहरूको लागि त्यसबाट हामीले के हौसला पाउन सक्छौं?**

______________________________________________

______________________________________________

कडा परिश्रम गर्न बाध्य भएर अत्यन्तै दुःख, कष्ट र पीडाले निराश भएका इस्राएलीहरूले न त मोशालाई न त परमेश्वरले प्रतिज्ञा पूरा गर्नुहुने उहाँको वचनलाई सुन्न नै चाहे। तिनीहरू कति वर्षसम्म पर्खे तर तिनीहरूको आशा पूरा भएको थिएन। अहिले पनि पूरा हुन्छ भनेर किन आशा गर्ने? तिनीहरूका आशा र जाँगर हराएको थियो। तिनीहरूका जीवनमा पहिलो पल्ट स्वतन्त्र हुने आशा अब ध्वस्त भएको थियो।

वास्तवमा भन्ने हो भने त्यस परिस्थितिमा कोचाहिँ गुज्रेको छैन र? निराश, उदास, असन्तुष्ट र परमेश्वरले त्याग्नुभयो भन्ने महसुस कसले गरेको छैन होला?

अय्यूबको कथा याद गर्नुभएको छ? भजनसंग्रहका आसाप नाउँ गरेका लेखकको बारेमा हामीले भन्ने? धर्मी, असल, विवेकशील मानिसहरूचाँहि दुःख-कष्ट पाउने तर दुष्ट, खराब र अभिमानीहरू फलिफाप र सम्पन्न भइरहेको देख्न आसापलाई असह्य भएको थियो। तैपनि उनले विश्वासको स्वीकार यसरी मिठास तरिकाले व्यक्त गरेका थिए, "तैपनि म निरन्तर तपाईंसँगै छु, तपाईंले मेरो दाहिने हात थाम्नुभएको छ। आफ्नै सल्लाहमा तपाईंले मलाई डोर्‍याउनुहुन्छ, र पछि मलाई महिमामा

लानुहुनेछ। स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र? र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन। मेरो तन र मन दुवै विफल होलान्, तर परमेश्वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ" *(भजनसंग्रह ७३:२३-२६)*।

धर्मशास्त्र बाइबलमा उल्लेख गरिएको पवित्र इतिहासभरि परमेश्वर आफ्ना जनसँग हुनुहुन्छ भनेर उहाँले आश्वासन दिनुभएको थियो *(यशैया ४१:१३; मत्ती २८:२०)*। उहाँले तिनीहरूलाई शान्ति र सान्त्वना दिनुहुन्छ र जीवनका चुनौतीहरूको सामना गर्न उहाँले तिनीहरूलाई बल दिनुहुन्छ *(यूहन्ना १४:२७; यूहन्ना १६:३३; फिलिप्पी ४:६, ७)*।

परमेश्वरले व्यक्त गर्नुभएको करारको नीतिले उहाँ आफ्ना जनहरूसँग घनिष्ठ सम्बन्ध राख्न चाहनुभएको देखाउँछ: "म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु" *(प्रस्थान ६:७)*।

**"म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ"** *(प्रस्थान ६:७)***को वाचालाई सोच्नुहोस्। यो वाचा आफ्ना सामूहिक जनहरूलाई सुनाउनुभए तापनि के हाम्रो दैनिक जीवनमा यो वाचा प्रकट भइरहेको छ त?** *(हेर्नुहोस् २ कोरन्थी ६:१६ पनि)*।

# फारोका निम्ति भगवान जस्तो

पढ्नुहोस्: **प्रस्थान ६:२८-७:७ पढ्नुहोस्। मोशाको आपत्तिलाई प्रभुले कसरी चित्त बुझाउन खोज्नुभएको थियो?**

________________________________________________

________________________________________________

मोशालाई परमेश्वरले आफूलाई यह्वे भनेर प्रस्तुत गर्नुभएको थियो। त्यसको अर्थ उहाँ व्यक्तिगत र घनिष्ठ परमेश्वर हुनुहुन्छ। उहाँ उहाँका जनहरूका परमेश्वर हुनुहुन्छ। तिनीहरूसँग करार बाँधेर सम्बन्ध गाँस्नुभएको परमेश्वर हुनुभएको थियो।

सारा जीवन नै आफूमा नै निहित भएको परमेश्वरले मोशालाई फेरि फारोकहाँ गएर बोल्नू भनेर आदेश दिनुहुन्छ। आत्म-बल गिरेको मोशाले फेरि उहाँको अनुरोधलाई प्रतिवाद गर्छन्, "फारोले मलाई सुन्न के कर छ र?" यहाँ मोशाको नम्रता मात्र होइन, त्यो कामबाट पन्छिन उनले इच्छा व्यक्त गर्छन्, किनकि उनले चालेको कदम सफल थिएन।

"जब परमेश्वरले मोशालाई फारोकहाँ फर्कनू भनेर आदेश दिनुहुन्छ, मोशाले आफूमा आत्म-भरोसा नभएको देखाउँछन्। उनले आफ्ना ओठहरू *खतना नभएको (aral sepatayim)* सुनाउँछन्। त्यसको अर्थ उनमा बोल्ने कला थिएन (पद ६:१२, ३०)। प्रस्थान ४:१०मा भनेको जस्तै उनी बोल्नमा ढिलो भएको देखाउँछ।"—*आन्ड्रुज बाइबल कमेन्टरी: ओल्ड टेस्टामेन्ट,* "एक्सोडस" (बेरियन स्प्रिङ्ग, मिशिगन, आन्ड्रु विश्वविद्यालय छापाखाना, २०२०), पृ. २०५।

परमेश्वरले उनीप्रति निगाहा र माया देखाउनुभएर मोशालाई सहयोग गर्न हारूनलाई पठाउँछ। मोशाले हारूनसँग बोल्नेछन् र हारूनले फारोसँग बोल्नेछन्। यसरी मोशाचाहिँ मिश्रदेशको राजासँग परमेश्वरका भूमिका खेल्छन् र हारूनचाहिँ उनको अगमवक्ता जस्तै हुन्।

अगमवक्ताको काम के हो भनेर देखाउने उत्कृष्ट परिभाषा यस विवरणले देखाउँछ। अगमवक्ता परमेश्वरका प्रवक्ता हुन्: उनी चाहे महिला होस् वा पुरुष होस्, त्यो व्यक्ति परमेश्वरका प्रतिनिधि वा प्रवक्ता हुन् जसले मानिसहरूलाई परमेश्वरको सन्देश सुनाउँछन् र व्याख्या गर्छन्, जसरी मोशाले हारूनलाई बोल्छन् र हारूनले फारोलाई मोशाको वचनलाई सुनाउँछन्। त्यसकारण, परमेश्वरले अगमवक्ताद्वारा आफ्नो सञ्चार गर्नुहुन्छ, जसले मानिसहरूलाई उहाँका शिक्षा दीक्षाको घोषणा गर्छन्। यो व्यक्तिसँग मुखामुख गरेर कुरा गर्छन् जुन साधारणतया गरिएको थियो। अगमवक्ताले परमेश्वरबाट सन्देश सुन्छन् र मौखिक वा लिखित रूपमा व्यक्त गर्छन्।

उनले सामना गर्दा फारोबाट के अपेक्षा गर्न सकिन्छ भनेर परमेश्वरले मोशालाई बताउनुहुन्छ। फारोसँग सामना गर्दा लामो र तनावपूर्ण हुनेछ भनेर पनि उहाँले सजग गराउनुभएको थियो। फारो धेरै हठी हुनेछन् र उनको हृदय कठोर हुनेछ भन्ने कुरालाई परमेश्वरले मोशासँग जोर गर्नुहुन्छ *(प्रस्थान ४:२१; प्रस्थान ७:३)*। त्यसको नतिजा केही असलै हुनेछ भनेर उनलाई परमेश्वरले सुनाउनुहुन्छ, "जब म मिश्रमाथि आफ्नो हात उठाएर उनीहरूकै बीचबाट इस्राएलीहरूलाई निकालेर ल्याउनेछु, तब मिश्रीहरूले थाहा पाउनेछन् कि म परमप्रभु रहेछु" *(प्रस्थान ७:५)*। अत्यन्तै डामडोल भएको बीचमा पनि परमेश्वरको महिमा हुनेछ रे!

**अब त परमेश्वरले अह्राउनुभएको आदेशलाई पालन नगर्न मोशासँग कुनै बहाना भएन। हामीबाट परमेश्वरले के गरेको चाहनुहुन्छ, त्यसबाट पन्छिन हामीसँग के बहानाहरू छन्?**

______________________________________________

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क्स एण्ड प्रोफेटस*को पृ. २५७-२६५को “द प्लेग अभ इजिप्त” भन्ने अध्याय पढ्नुहोस्।

जब मोशाले फारोकहाँ पहिला देखा परे तब उनको र उनका जनहरूका निम्ति के खराब भएको थियो, हेर्नुहोस् त,

“इस्राएलीहरूले फारोको शासनको विद्रोह गर्ने भएका राजाको दिमागमा एकदम घुसेको थियो। जब कोही अल्छि हुन्छन् भने त्यसले असन्तुष्ट पैदा गर्छ। कुनै किसिमको खतरा योजनामा नलागून् भनेर उनले कदम चाल्छन्। इस्राएलीहरूका बन्धनलाई अझ कडा गरिएको थियो र तिनीहरूमा भएको स्वतन्त्रताको चाहनालाई उनले टुक्रा-टुक्रा पार्न चाहेका थिए। त्यही दिन इस्राएलीहरूले गर्ने काम अझ कठोर र निर्दयी हुन फारोले आदेश दिए, र तिनीहरूलाई दमन गरिएको थियो। भवन बनाउने काममा लगाउने इँटा घामले पोल्थ्यो। सबभन्दा सुन्दर भवनहरूका भित्ताहरू यी इँटाहरूबाट बनाइन्थ्यो र पत्थरहरूले छोपिएर चिप्लो पारिन्थ्यो। पत्थर र इँटाहरू जुटाउन धेरै मानिसहरूको परिश्रमको आवश्यक थियो। परालसँग माटो मिसाएर इँटा बनाउँदा धेरै परालहरूको आवश्यकता थियो। अब पराल उपलब्ध गराइनेछैन भनेर राजाले उर्दी दिए। मजदुरहरूले आफै पराल भेट्टाउनुपर्ने भएको थियो र फेरि पहिलाका जस्तै इँटा उत्पादन गर्नुपरेको थियो।

“यो हुकुमले सारा मिश्रभरिका इस्राएलीहरूलाई धेरै बिस्मात गराएको थियो। मजदुरहरूलाई काममा लगाउने ठेकदारहरू मिश्रीहरू नै थिए। ती ठेकेदारहरूलाई मजदुरहरूले काम पूरा गरोस् भनेर हेर्ने जिम्मा दिएको थियो। जब राजाको उर्दी भयो तब मानिसहरू मिश्रदेशभरि छरिएर घाँसपात जम्मा गर्न गए। तर तिनीहरूले गर्नुपर्ने काम गर्न असम्भव भएको थियो। त्यसले गर्दा हिब्रूका अगुवाहरूलाई निष्ठुर तरिकाले पिट्दथे।”—*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. २५८।

## छलफलको लागि प्रश्नहरू:

१. जब तपाईंलाई परमेश्वरले केही कामको निम्ति खटाउनुभयो, सो काम सुरुमा सफल नभएको समय सोच्नुहोस्। त्यस अनुभवबाट तपाईं के सिक्नुभयो?

२. तपाईंकै जीवनमा तपाईंले प्रार्थना गर्नुहुँदा आफूले अपेक्षा नगरिएकै अनुसार परमेश्वरले हस्तक्षेप वा मद्दत गर्नुभएको अनुभव छ त? यदि छ भने अरूहरूलाई सुनाउनुहोस्। परमेश्वरलाई विश्वास गर्ने र उहाँमाथि भरोसा राख्नेहरूलाई पनि खराब कुरा हुन आयो भने तपाईंले त्यसलाई कसरी बुझ्न सक्नुहुन्छ?

३. "मैले परमेश्वरलाई चिनेकै छैन" भनेर कसैले भन्छ भने त्यसलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ? परमेश्वरको विरोध गरेकोले होइन तर आफ्नै जीवनको अनुभवबाट उसले त्यो भन्न सक्छ। परमेश्वरलाई चिन्न तपाईंले उनलाई के सहयोग गर्न सक्नुहुन्छ? परमेश्वरलाई चिन्नु किन महत्त्वपूर्ण छ भनेर बुझाउन सक्नुहुन्छ?

## बाँदरहरू वा चर्च?

*लेखक:* आन्ड्यु मेकचेस्नी

अफ्रिकाको मोजाम्बिक देशको एक पारिवारको बालीनाली बाँदरहरूले नष्ट गर्न चाहन्थे। आफ्नो बुबाबाट बाँदरहरूलाई टाढा राख्न कडा आदेश एन्टोनियो कुचाटाले पाएको थियो। यद्यपि, एन्टोनियोले शबाथमा खेतमा नगएर चर्च जाने उसको चाहना थियो। हालै बप्तिस्मा लिएर उसले उसको हृदय येशूलाई दिएको थियो।

अब एन्टोनियो दोधारमा परेको थियो। उसले प्रार्थना गऱ्यो र चर्च गयो।

एन्टोनियो र उसको परिवार बस्ने दक्षिणपूर्वी अफ्रिकाको तटीय प्रान्तका साना किसानहरूका लागि भर्भेट बाँदरहरू गम्भीर समस्या थियो। कालो अनुहार र खैरो शरीरको कपाल भएका बाँदरहरू १६ देखि २० इन्च अग्ला थिए। १० देखि ७० बाँदरहरूका समूहले कसावा, मीठो आलु, सिमी, बदाम र अन्य बालीहरूलाई नाश गर्थे।

यदि बाँदरहरूले आफ्नो बाली नष्ट गरेमा परिवारका लागि खाना वा आम्दानी नहुने कुरामा बुबा चिन्तित थिए। उनले एड्भेन्टिष्ट चर्चमा आफ्नो छोरा गएको पनि मन पराएका थिएनन्। उनले एन्टोनियोलाई अर्को विश्वासमा हुर्काएका थिए, र उनले बुझेनन् कि किन सातौँ दिन, शबाथमा चर्च जान चाहन्छ। आइतबारको आराधना सेवाहरू छोडेर खेतमा हेर्न जान बुबाले आपत्ति जनाएको थिएन। शनिबार पनि खेतमा जानुपर्छ र बाँदरहरू धपाउनुपर्छ भनेर उनले एन्टोनियोलाई भने।

एन्टोनियोले बुबालाई माया गर्थ्यो। सेभेन्थ-डे एड्भेन्टिष्ट हुने उसको योजना थिएन, तर उसको एक जना एड्भेन्टिष्ट काकाले उसँग बाइबल अध्ययन गरेका थिए। आफूले सिकेका कुराहरू पालना गर्नुपर्छ भनेर उसले विश्वास गरेको थियो। चौथो आज्ञामा लेखिएको "शबाथ दिनलाई पवित्र

राख" भन्ने आदेश पनि उसले सिकेको थियो। त्यस आज्ञामा लेखिएको छ, "छ दिन तिमीले काम गर र सातौँ दिन परमप्रभु तिम्रो परमेश्वरको शबाथ हो। त्यस दिनमा तिमीले कुनै काम नगर" *(प्रस्थान २०:८-१०)*।

त्यसैकारण, एन्टोनियोले घुँडा टेकेर प्रार्थना गरे, "प्रिय परमेश्वर, म चर्चमा हुँदा बाँदरहरूलाई हाम्रो फार्ममा आउनबाट रोक्नुहोस्।" त्यसपछि ऊ फार्मबाट लगभग १५ माइल वा २५ किलोमिटर टाढा रहेको कासा-नोभामा रहेको एड्भेन्टिष्ट चर्चमा गयो।

एन्टोनियो घर फर्केपछि उसलाई के हुन्छ भनेर उसलाई थाहा थिएन। तर बाँदरहरू दिनभरि टाढा बसेकोले उसलाई खुशी लाग्यो। उसले परमेश्वरलाई धन्यवाद दियो र प्रार्थनापछि अर्को शबाथमा पनि चर्च गयो। त्यस शबाथ पनि फेरि बाँदरहरू खेतबारीको नजिक आएनन्। प्रत्येक शबाथ एन्टोनियो चर्चमा जाँदा बाँदरहरू खेतबारीबाट टाढा रहन्थे।

यो आश्चर्यलाई बुबाले स्वीकार गरेनन्। तर एन्टोनियो परमेश्वरप्रति आभारित भएका थियो। वर्षौं पछि, आज पनि ऊ परमेश्वरको हेरचाहमा छक्क पर्दछ।

"बाँदरहरूले पनि शबाथ पालान गरेका थिए" उसले सुनायो।

